# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७७।०४।०४ गते

# प्रेस विज्ञप्ति

### विषय: नियन्त्रणमा लिइएको ।

-----------------------------------------

जिल्ला बारा, जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, कलैयाका सव-इन्जिनियर गजेन्द्र प्रसाद जैसवालले नदी तटबन्धको जाली लगाउने कार्य सम्पन्न पश्चात रकम भुक्तानी गरिदिए बापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट खटिगएको टोलीले निज सव-इन्जिनियर गजेन्द्र प्रसाद जैसवालले रू.८०,०००/- (असी हजार) घुस/रिसवत बापतको रकम लिई सँगै रहेका चन्दन जैसवाललाई दिई भाग्न खोज्दा निज दुबैजनालाई उक्त रकमसहित कलैया नगरपालिका वडा नं. ४ बाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(तारानाथ अधिकारी)
प्रवक्ता